## वस्तुगत प्रश्नोत्तर

१. **संयुक्त राष्ट्रसङ्घ महासभाले नेपाललाई कहिलेसम्म अल्पविकसितबाट मध्यमस्तरको विकासशील देशमा स्तरोन्नति गर्नेसम्बन्धी प्रस्ताव पारित गरेको छ ?**

✍ सन् २०२६
- राष्ट्रसङ्घको कमिटी फर डेभलपमेन्ट पोलिसी (सीडीपी)ले सन् २०२६ मा नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि गरेको सिफारिस महासभाले सन् २०२१ नोभेम्बर २४ मा अनुमोदन गरेको ।
- नेपालसँगै बङ्गलादेश र गणतन्त्र लाओसलाई पनि विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन भएको ।
- स्तरोन्नतिसम्बन्धी प्रस्तावलाई पाँच वर्षको तयारी अवधि दिइएको ।
- विकासशील देशमा स्तरोन्नति गर्ने निर्णयसँगै मुलुकका लागि वैदेशिक व्यापारमा चुनौती (नेपालले अहिले अतिकम विकसित मुलुकको हैसियतमा धेरै मुलुकबाट व्यापारमा सहयोग लिँदै आएकोमा विकासशील भएपछि सुविधा कटौती हुने) थपिने ।
- विकासशील मुलुक भएपछि दातृ निकाय र विदेशी मुलुकले दिँदै आएको सहुलियतपूर्ण कर्जा, अनुदान घट्ने । अन्तर र्राष्ट्रिय व्यापारमा पाएको सहुलियत र सुविधा पनि कटौती हुने । यी विविध सहुलियत सुविधा कटौती हुने भएकाले नेपालले अब थप तयारी गर्नुपर्ने । आयात प्रतिस्थापन गरेर निर्यात बढाउन निर्यातजन्य उद्योगका लागि औद्योगिक पूर्वाधार निर्माण गर्नुपर्ने ।
- आन्तरिक स्रोत वृद्धि गर्नुपर्ने भएकाले राजस्व सङ्कलन स्रोत बढाउन जोड दिनुपर्ने ।

२. **अष्टिम्की पर्व कुन जातिमा प्रचलनमा रहेको छ ?**

✍ थारू
- महिला व्रत बसेर पूजाआजा गरी दुई दिनसम्म अष्टिम्की पर्व मनाउने परम्परा थारू समुदायमा रहेको ।
- पर्वको सुरुको दिन बिहानै गाउँका भलमन्सा वा बडघरको घरमा बहरी (बैठक कोठा)का भित्ता लिपपोत गरी चुनले रङ्ग्याएर भगवान् श्रीकृष्ण र उनको जीवनमा आधारित चित्र कोर्ने परम्परा रहेको ।
- पर्वको दोस्रो दिन बिहानै भगवान् श्रीकृष्णको पूजाआजा गरिने । पूजाआजा सकेपछि त्यहाँ चढाइएका पूजा सामग्री त्यही बिहान नदी खोलामा सेलाउने गरिन्छ । नदी, खोलाबाट नुहाएर आएपछि घरमा फुलौरी, माछाको सुकुटी, खरियालगायतका परिकार खाने गरिन्छ । खानुअघि प्रत्येक परिकारबाट केही भाग निकालेर राखिन्छ, जसलाई फरहार भनिन्छ । सो परिकारलाई विवाहिता छोरीचेलीलाई अग्रासन (कोसेली)का रूपमा दिने चलन छ ।

३. **द्वितीय विश्वयुद्धमा ब्रिटिस इन्डियाको सहयोगका लागि पठाइएको नेपाली सैन्य टोलीको नेतृत्व कसले गरेको थियो ?**

✍ एकराज शमशेर र ब्रह्म शमशेर

४. **नेपालमा कागजपत्रमा मिति उल्लेख गर्दा तिथि र बार लेख्ने चलन कहिलेसम्म कायम थियो ?**

✍ वि.सं. १९६१ माघ

५. **प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाउने व्यवस्था छ ?**

✍ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली

६. **नेपालको प्रदेश सभा कति सदनात्मक हुने व्यवस्था छ ?**

✍ एक

७. **नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?**

✍ सुवानन्द दास

८. **रसुवाको गोसाइँकुण्ड गाउँपालिका–२ टिमुरेमा सुक्खा बन्दरगाहको शिलान्यास कहिले गरिएको हो ?**

✍ वि.सं. २०७६ मङ्सिर ४
- यो बन्दरगाह निर्माण सम्बन्धमा नेपाल र चीनबीच २०७६ वैशाख २९ मा समझदारीपत्रमा हस्ताक्षर भएको ।

९. **एफटीटीएचको पूरा रूप के हो ?**

✍ फाइबर टू द होम
- नेपाल टेलिकमले द्रुतगतिको इन्टरनेट सेवा (एफटीटीएच)को शुभारम्भ २०७६ भदौ २३ गते रुपन्देही जिल्लाको गैडहवा गाउँपणलिकास्थित सूर्यपुरा बजारमा गरेको ।
- एफटीटीएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुऱ्याई ट्रिपल प्ले अर्थात् भ्वाइस, उच्च गतिको इन्टरनेट र भिडियो सेवा प्रदान गर्न सकिने जनाइएको ।

१०. **प्रसिद्ध गोकर्णेश्वर महादेव मन्दिर कहाँ रहेको छ ?**



✍ काठमाडौँ
- (पितृतीर्थका रूपमा समेत प्रख्यात गोकर्णेश्वर महादेव मन्दिर काठमाडौँदेखि करिब १० किलोमिटर उत्तर–पूर्व बागमती नदी किनारमा रहेको ।)

११. **कर्णाली प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त घोषणा कहिले गरिएको हो ?**

✍ वि.सं. २०७६ माघ ४
- (सो प्रदेशलाई वेसहारा, असहाय, अशक्त, अभिभावकविहीन सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको ।)

१२. **चलचित्रका क्षेत्रमा नोबेल पुरस्कारका रूपमा मानिने प्रसिद्ध ओस्कार अवार्ड पहिलो पटक कहिले प्रदान गरिएको थियो ?**

✍ सन् १९२९
- (सन् १९२९ मा स्थापित यो पुरस्कार पहिलो पटक सन् १९२९ मा 'विङ्स' चलचित्रलाई प्रदान गरिएको थियो । हालसम्म 'बेनहुर' र 'टाइटानिक' चलचित्रले सर्वाधिक ११/११ विधामा ओस्कार अवार्ड जित्न सफल भएका छन् ।)

१३. **नेपालमा सर्वप्रथम कागजी मुद्रा कहिलेदेखि प्रचलनमा ल्याइएको हो ?**

✍ वि. सं. २००२ असोज १
- नेपालमा राणा प्रधानमन्त्री जुद्धशमशेरले एक अध्यादेश जारी गरी वि.सं. २००२ असोज १ देखि कागजी मुद्रा प्रचलनमा ल्याएका थिए ।
- पहिलो पटक रु. १ सय, रु. १० र रु. ५ दरका कागजी नोट जारी गरिएको थियो ।
- सदर मुलुकीखानाबाट जारी गरिएको ती नोटमा दस्तखत गर्ने खजाञ्ची जनकराज थिए ।

१४. **आन्तरिक राजस्व विभागले केन्द्रीय बिजक प्रणालीको सुरुवात कहिलेदेखि गरेको हो ?**

✍ वि.सं. २०७४ मङ्सिर १

१५. **नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) कहाँ रहेको छ ?**

✍ त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर परिसरमा
- यो संस्था भाषा विज्ञान, इतिहास, भूगोल, राजनीतिशास्त्र, समाज विज्ञान र धर्मसंस्कृति अध्ययन अनुसन्धान गर्ने थलोका रूपमा स्थापना भएको ।
- वि.सं. २०२९ साउन १ मा स्थापित इन्स्टिच्युट अफ नेपाल स्टडीलाई वि.सं. २०३४ भदौमा तत्कालीन त्रि.वि. ऐनअनुसार नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास)मा रूपान्तरण गरिएको ।
- सिनासले प्रकाशन गर्ने जर्नल विश्वका ११२ मुलुकका विश्वविद्यालयसम्म पुग्ने गरेकोमा हाल ५८ विश्वविद्यालयमा मात्रै पुग्ने गरेको ।
- त्रि.वि. अन्तर्गत सिनाससहित आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा), व्यावहारिक विज्ञान तथा प्राविधिक अनुसन्धान केन्द्र (सेरिड) सञ्चालनमा रहेका ।

१६. **नेपालमा पहिलोपटक कलेजो प्रत्यारोपण कहिले गरिएको हो ?**

✍ वि.सं. २०७३ मङ्सिर २२

१७. **नेपालको कुन ठाउँमा अटोभिलेज रहेको छ ?**

✍ बुटवल

१८. **बुद्ध थिम पार्क कुन देशमा निर्माण गरिने भएको छ ?**

✍ श्रीलङ्का

१९. **यारी भञ्ज्याङ हुम्ला जिल्लामा पर्छ भने नाम्जा भञ्ज्याङ कहाँ पर्छ ?**

✍ मुगु

२०. **गहना सङ्ग्रहालय भद्रकाली (काठमाडौँ)मा रहेको छ भने बागमती सभ्यता सङ्ग्रहालय कहाँ रहेको छ ?**

✍ गुह्येश्वरी (काठमाडौँ)

२१. **नेपालमा कति प्रजातिका सर्प पाइन्छन् ?**

✍ ८३
- (सबैभन्दा पछि पत्ता लागेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा फेला परेको उडुवा लहरे सर्प (सुकेको लहरोजस्तै देखिने) हो ।)

२२. **विश्वमा क्रेडिट कार्ड प्रयोग गर्ने पहिलो राष्ट्र कुन हो ?**

✍ अमेरिका

२३. **वन ऐन, २०७६ अनुसार 'वन' भन्नाले के बुझिन्छ ?**

✍ पूर्ण वा आंशिक रूपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र
- सो ऐनअनुसार निजी वन भन्नाले प्रचलित कानुनबमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई बुझिने ।
- राष्ट्रिय वन भन्नाले सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, प्रदेशभित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वन बुझिने ।

२४. **नेपालको कुन ठाउँमा हाब्रे (रेडपान्डा) प्रजनन केन्द्र रहेको छ ?**

✍ इलाम



२५. **अण्डा पार्ने स्तनधारी जीव कुन हो ?**

✍ प्लेटिपस

२६. **काठमाडौँमा विद्युतीय तारलाई भूमिगत गर्ने कार्यको शुभारम्भ कहिले गरिएको हो ?**

✍ वि.सं. २०७६ फागुन ५


२७. **नेपाल पर्यटन बोर्डको स्थापना कहिले भएको हो ?**

✍ वि.सं. २०५५ पुस १६ गते
- वि.सं. २०१८ मा स्थापित पर्यटन विभागलाई खारेज गरी सरकार र निजी क्षेत्रको सहभागितामा सो बोर्ड स्थापना गरिएको ।
- वि.सं. २०३३ फागुन १२ मा पर्यटन मन्त्रालयको स्थापना भएको । उक्त मन्त्रालययमा वि.सं. २०३९ मा हवाई विभाग गाभी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नामकरण गरिएको । त्यस्तै संस्कृतिको कार्यसमेत थप गरी वि.सं. २०५७ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय बनाइएको ।
- राष्ट्रिय पर्यटन प्रवर्द्धन समितिको गठन वि.सं. २०७२ जेठ ३१ मा गरिएको । यसको अध्यक्षमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रहने ।
- पर्यटन बोर्डको अध्यक्षमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव रहने प्रावधान रहेको ।
- पर्यटन परिषदको अध्यक्ष प्रधानमन्त्री रहने ।
- नेपालमा पहिलोपल्ट पर्यटन नीति–२०५२ तर्जुमा गरिएको । सो नीतिलाई प्रतिस्थापन गरी पछि पर्यटन नीति–२०६५ तर्जुमा गरिएको ।
- नेपालमा सर्वप्रथम वि.सं. २०२९ मा पर्यटन गुरुयोजना तर्जुमा गरिएको ।
- सन् १९७८ मा जापानी नागरिक केन्जो टाँगेद्वारा लुम्बिनी गुरुयोजना तर्जुमा गरिएको ।
- पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि पर्यटन विकास दूरदृष्टि, २०२० तर्जुमा गरिएको ।
- पर्यटकीय हिसाबले नेपाललाई विश्वमा पहिचान गराउने ब्रान्ड रहेका ।
- 'भिजन २००५' नामक पर्यटनसम्बन्धी अवधारणा प्रस्तुत गर्ने व्यक्ति जापानका ताकासी मियाहारा रहेका ।
- नेपालमा वातावरण पर्यटनसम्बन्धी अवधारणा छैटौँ योजनादेखि अवलम्बन गरिएको ।
- नेपालमा आधुनिक पर्यटनको सुरुवात सन् १९५३ मे २९ (सगरमाथाको आरोहणसँगै) देखि भएको मानिने ।
- नेपाल आगमन गर्ने पहिलो पर्यटक भारतका सम्राट् अशोक (इ.पू. २५०) मानिने । ■

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# सामाजिक न्यायको सिद्धान्त




१. **नेपालको वित्तीय सङ्घीयताका अवयवहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ नेपालको वित्तीय सङ्घीयताका अवयवहरू निम्नअनुसार छन् :
- खर्च जिम्मेवारी
- राजस्व अधिकार
- अन्तरसरकारी वित्तीय हस्तान्तरण
- यसअन्तर्गत राजस्व बाँडफाँट र अनुदान वितरण पर्छन् ।
- आन्तरिक ऋण परिचालन
- प्राकृतिक स्रोत परिचालन र बाँडफाँट

२. **सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले के कस्ता विषयसँग सम्बन्धित सूचना सार्वजनिक निकायले प्रवाह गर्नु नपर्ने व्यवस्था गरेको छ ?**

✍ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था गरे पनि देहायको विषयसँग सम्बन्धित सूचना सार्वजनिक निकायले प्रवाह गर्नु नपर्ने व्यवस्था गरेको छ :
- (क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था तथा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,
- (ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,
- (ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण तथा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,
- (घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सु–सम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,
- (ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य तथा सुरक्षामा खतरा पुऱ्याउने,

३. **नेपालको संविधानले सामाजिक न्यायका सम्बन्धमा गरेको व्यवस्था व्यवहारमा कार्यान्वयन हुन नसक्नुका कारणहरूबारे चर्चा गर्नुहोस् ।**

✍ देशका सबै नागरिक सम्पन्न हुँदैनन् । सबै नागरिकको एउटै हैसियत र अवस्था पनि हुँदैन । मुलुकका सबै नागरिकको संरक्षक राज्य भएकाले राज्यले विपन्न वर्ग एवं समुदायलाई सेवा सुविधा तथा स्रोत साधनको न्यायोचित वितरण गर्नुपर्छ, यो नै सामाजिक न्याय हो । सामाजिक न्याय बहुआयामिक विषय हो । यो मानिसका हरेक पक्षसँग जोडिएको छ । नेपालको संविधानले सामाजिक न्यायलाई व्यवस्थित गर्न धारा ४२ मा सामाजिक न्यायको हकसहित विभिन्न मौलिक हक तथा संवैधानिक नीतिगत व्यवस्था गरेको छ । संविधानका प्रायः सबै ३१ वटा मौलिक हक सामाजिक न्यायसँग सम्बन्धित छन् । सामाजिक सुरक्षा हकका लागि सामाजिक सुरक्षा भत्ता लागू छ । महिला, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, दलित, पिछडिएको क्षेत्रलाई समावेशीकरणको नीतिअनुरूप आरक्षणको व्यवस्था छ, सूचनामा सबैको पहुँच, सञ्चारमा पूर्ण स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, भाषागत स्वतन्त्रता, कानुनको अधीनमा रही सम्पत्ति आर्जन र भोगचलन गर्न पाउने, मानव बेचबिखन एवं शोषणको अन्त्य, जातीय छुवाछूत एवं भेदभावको अन्त्य, महिलामा वंशीय हक, दम्पतीमा समान हक, कानुनका दृष्टिमा सबै नागरिकमा समानता, सम्मानपूर्वक बाँच्न पाउने, मृत्युदण्डको सजाय नहुने, विचार र अभिव्यक्तिको स्वतन्त्रता लगायतका व्यवस्था कार्यान्वयन भएका छन् । तथापि आर्थिक रूपले विपन्न खस आर्यको संरक्षण, सशक्तीकरण एवं विकास, दलित, अपाङ्गता र आर्थिक विपन्नतालाई निःशुल्क उच्च शिक्षा, स्वास्थ्य सेवामा सबैको समान पहुँच, स्वच्छ वातावरण, स्वच्छ खानेपानी, सरसफाइमा पहुँच, बेरोजगार सहायता, खाद्यवस्तुको सर्वसुलभता, सबैलाई आवास, असहाय, अनाथ, अपाङ्गता, ज्येष्ठ नागरिक, द्वन्द्वपीडित एवं विस्थापितको विशेष संरक्षण, भूमिहीन दलितलाई जमिन र बसोवास, किसानलाई भूमिमा पहुँचलगायतका व्यवस्थाहरू व्यवहारमा पर्याप्त कार्यान्वयन हुन सकेको पाइँदैन । यसो हुनुमा मुलुकको आर्थिक अवस्था, प्रशासनिक सक्षमता, राजनीतिक अवस्था, सामाजिक एवं भोगोलिक बनावट लगायतका कारण जिम्मेवार देखिन्छन्, जसलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :
- राज्यको सार्वजनिक सेवा प्रवाहको अवस्था चुस्त, दुरुस्त, मितव्ययी, पारदर्शी एवं आधुनिक हुन नसक्नु,
- राजनीतिक दलहरूबीच स्वच्छ प्रतिस्पर्धाको अभाव हुनु, राजनीतिक प्रणाली संस्थागत भए पनि राजनीतिक असल संस्कार अझै पनि संस्थागत हुन नसक्नु, जसले गर्दा सामाजिक न्यायका कतिपय क्षेत्रमा अन्योल, विवाद, अस्थिरता कायम हुनु, उदाहरणका लागि सामाजिक सुरक्षा भत्ता,
- मुलुकको प्रशासनिक संयन्त्र सबलीकरण हुन नसक्नु, सङ्घीयता एवं जनअपेक्षाअनुरूप आफ्नो उपस्थिति, आचरण, व्यवहार, सक्षमतामा सुधार ल्याउन नसक्नु, जिम्मेवारी, जवाफदेहिता र पारदर्शिताको अवस्था कमजोर हुनु,
- सामाजिक न्याय एवं सुरक्षा प्राप्ति गर्ने लक्षित वर्ग एवं समुदाय पहिचान गर्न र उपयुक्त मापदण्ड निर्धारण गर्न नसक्नु, यसले गर्दा एकातर्फ दोहोरो सुविधा छ भने अर्कोतर्फ यो वितरणमुखी भएको भनी दोषारोपण गरिएको छ ।
- मुलुक कृषिप्रधान छ तर कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण हुन सकेको छैन, यसबाट खाद्य सम्प्रभुताको हक लागू हुन सकेको छैन, दुर्गम क्षेत्रमा खाद्यान्नको सर्वसुलभता हुन सकेको छैन,
- राज्य सञ्चालनका लागि साधनस्रोतको अभाव छ । यसले गर्दा बेरोजगार सहायता प्रदान गर्न सकिएको छैन,
- मुलुकको बजेट संरचनामा चालू खर्चको बजेट बढी छ, पुँजीगत खर्चको बजेट कम छ, विनियोजित पुँजीगत बजेट पनि बर्सेनि खर्च हुन नसकेको अवस्था छ ।
- सामाजिक न्याय कायम गर्ने प्रमुख आधार कानुन हो तर संविधानले व्यवस्था गरेका कतिपय व्यवस्थाको कार्यान्वयन गर्न कानुन तर्जुमा हुन सकेका छैनन् । यसबाट पनि सामाजिक न्याय कार्यान्वयन हुन नसकेको देखिन्छ ।
- नेपालमा भौगोलिक विकटता छ । पहाडमा छरिएको बस्ती छ, विकासका पूर्वाधार घरसम्म वितरण गर्न कठिनाइ हुने गरेको अवस्था छ । यसले पनि सामाजिक न्याय कार्यान्वयनमा अवरोध ल्याएको छ ।

४. **नेपाल धितोपत्र बोर्डको गठन के कसरी हुने व्यवस्था छ ?**

✍ पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्कासन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिको कामकारबाहीलाई नियमित तथा व्यवस्थित गर्न देहायबमोजिम नेपाल धितोपत्र बोर्ड गठन हुने व्यवस्था धितोपत्रसम्बन्धी ऐन, २०६३ मा छ :
- (क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष
- (ख) सहसचिव, अर्थ मन्त्रालय – सदस्य
- (ग) सहसचिव, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ✍ सदस्य
- (घ) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क – सदस्य
- (ङ) प्रतिनिधि, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था – सदस्य
- (च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ – सदस्य
- (छ) अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, वित्तीय, वाणिज्य वा कानुन विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार, व्यवस्थापन, पुँजी बजार विकास, वित्तीय वा आर्थिक क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेका विज्ञमध्येबाट नेपाल सरकारले मनोनीत गरेको एक जना – सदस्य

५. **नेपालमा सङ्घीय प्रणाली कार्यान्वयनमा सहयोग गर्ने संस्थागत संरचनाहरू कुन कुन हुन् ?**

✍ नेपालमा सङ्घीय प्रणाली कार्यान्वयनमा सहयोग गर्ने संस्थागत संरचना निम्नअनुसार छन् :

- **क. संवैधानिक इजलास**
  - तीन तहका सरकारबीच अधिकार क्षेत्रको विवाद, निर्वाचन विवादको सुरु कारबाही र किनारा गर्न सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने र यसमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने व्यवस्था नेपालको संविधानको धारा १३७ मा छ ।
- **ख. अन्तरप्रदेश परिषद्**
  - तीन तहका सरकारबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद्को व्यवस्था नेपालको संविधानको धारा २३४ ले गरेको छ ।
- **ग. राष्ट्रिय समन्वय परिषद्**
  - सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद् गठन हुने व्यवस्था सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १६ मा गरिएको छ ।
- **घ. प्रदेश समन्वय परिषद्**
  - प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् गठन हुने व्यवस्था सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ ले गरेको छ ।
- **ङ. अन्तरसरकारी वित्त परिषद्**
  - सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न नेपाल सरकारको अर्थमन्त्रीको संयोजकत्वमा अन्तरसरकारी वित्त परिषद्को गठन हुने व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ ले गरेको छ ।
- **च. राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग**
  - सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँट, अनुदान वितरण, आन्तरिक ऋणको सीमा, प्राकृतिक स्रोतको बाँडफाँट, राजस्व असुलीमा सुधारलगायतका विषयमा विस्तृत आधार तथा ढाँचा निर्धारण गर्न र सिफारिस गर्न नेपालको संविधानको धारा २५१ र २५२ मा यस आयोगको व्यवस्था गरिएको छ ।

६. **जासुसी ऐन, २०१८ ले के कस्तो कार्य गरेमा जासुसी गरेको मानिने व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।**

✍ कुनै व्यक्तिले नेपालभित्र वा बाहिर नेपालको हित तथा सुरक्षामा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कुनै विदेशी राष्ट्रको हितका लागि त्यस्तो विदेशी राष्ट्रबाट कुनै किसिमको प्रलोभन प्राप्त गरी, नगरी कुनै व्यक्तिलाई देहायको विषयमा सूचना दिएमा जासुसी ऐन, २०१८ ले जासुसी गरेको मानिने व्यवस्था गरेको छ :
- (क) नेपालको सैनिक स्थिति, सामरिक व्यवस्था तथा आन्तरिक सुरक्षाको व्यवस्थाको सूचना दिएमा, सो दिन उद्योग गरेमा तथा दुरुत्साहन दिएमा, त्यस्तो सूचना दिने उद्देश्यले सामग्री एकत्रित गरेमा,
- (ख) नेपाल सरकारको तर्फबाट गोप्य राखिएको कुनै कूटनीतिक लेखोट तथा अन्य कुनै गोप्य सरकारी कागजातसम्बन्धी लेखोटको सूचना दिएमा तथा सो दिन उद्योग गरेमा, त्यस्तो सूचना दिन दुरुत्साहन दिएमा,

७. **नेपालको संविधानअनुसार महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार के के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ नेपालको संविधानको धारा १५८ अनुसार महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम छ :
- महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने, संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुने,
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निज मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने,
- संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने,
- नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दामामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,
- मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने, गराउने,
- हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानुन व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,
- नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने,
- महान्यायाधिवक्ताले सङ्घीय संसद् वा त्यसको कुनै समितिले गरेको आमन्त्रणबमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानुनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्ने,
- आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार हुने,
- महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकिललाई प्रत्यायोजन गर्न सक्ने,
- महान्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार संविधान र सङ्घीय कानुनबमोजिम हुने । ■

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL